# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण प्रतिवेदन

**कोशी प्रदेश सरकार**

**पर्यटन, वन तथा वातावरण मन्त्रालय**

**विराटनगर, नेपाल**

**आर्थिक वर्ष:** २०८१/०८२

# विषयसूची


परिचयात्मक पृष्ठभूमि........................................................................................ १

परीक्षण विधि तथा प्रक्रिया........................................................................................ ३

परीक्षणको नतिजा तथा विश्लेषण........................................................................................ ५

विश्लेषणात्मक निष्कर्ष........................................................................................ ८

कार्ययोजना तथा निष्कर्ष........................................................................................ ९

प्रतिवेदन तयारी कार्यदल: ........................................................................................ ११

अनुसूची-१........................................................................................ १२

अनुसूची - २........................................................................................ २९

अनुसूची – ३........................................................................................ ३१

अनुसूची – ४........................................................................................ ३६

अनुसूची – ५........................................................................................ ३८

# परिचयात्मक पृष्ठभूमि

## १. पृष्ठभूमि:

नेपालको संविधानको धारा १८ ले सबै नागरिकलाई लैङ्गिक समानता र सामाजिक न्याय सुनिश्चित गरेको छ। सोही संवैधानिक व्यवस्था तथा प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न कोशी प्रदेश सरकारले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८१ लागू गरेको छ। यस कार्यविधिको मुख्य उद्देश्य प्रदेश अन्तर्गतका निकायहरूमा लैससासको अवस्थाको मूल्याङ्कन गरी सुधारका उपायहरू पहिल्याउनु हो।

प्रदेश सरकार (मन्त्रीपरिषद्को मिति २०८१/३/३० को निर्णय) बाट स्वीकृत **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८१"** बमोजिम पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशको आर्थिक वर्ष २०८१/८२ को लैससास परीक्षण गरिएको छ। यस कार्यविधिको दफा ४ बमोजिम गठित लैससास परीक्षण कार्यदलले दफा ५, ८, ९ र १० बमोजिमको प्रक्रिया पूरा गरी यो प्रतिवेदन तयार गरेको छ। प्रतिवेदनमा मन्त्रालयको लैससास अवस्थाको विश्लेषण, प्राप्त उपलब्धिहरू, सबल तथा दुर्बल पक्षहरू र आगामी दिनमा सुधारका लागि कार्ययोजना समावेश गरिएको छ।

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशको समग्र नीति, योजना, बजेट निर्माण तथा सेवा प्रवाहलाई लैससासमैत्री बनाउन यस परीक्षणको आयोजना गरिएको हो।

## २. अध्ययनको महत्व:

यस मन्त्रालयले प्रदेशको आर्थिक नीति, बजेट निर्माण, योजना तर्जुमा तथा राजस्व परिचालनको नेतृत्व गर्दछ। मन्त्रालयको नीति तथा कार्यक्रम लैससासमैत्री भएमा मात्र प्रदेशका महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य वञ्चितीकरणमा परेका समुदायको समग्र विकास सम्भव छ। यस परीक्षणले मन्त्रालयको हालको लैससास अवस्था पहिचान गरी आगामी दिनमा सुधार गर्न मार्गदर्शन गर्नेछ।

## ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरू:

१. मन्त्रालयको नीति, कानून, योजना तथा कार्यक्रमहरूको लैससास अवस्थाको मूल्याङ्कन गर्नु

२. मन्त्रालयको संस्थागत संरचना, मानव संसाधन तथा क्षमता विकासको लैससास अवस्था पहिचान गर्नु ।
३. सेवा प्रवाह तथा सुशासनका क्षेत्रमा लैससासको अवस्था विश्लेषण गर्नु ।
४. लैससासका सबल र दुर्बल पक्ष तथा अवसर र चुनौतीहरू पहिचान गर्नु ।
५. आगामी दिनमा लैससास सुदृढीकरणका लागि कार्ययोजना तर्जुमा गर्नु ।

## परीक्षण विधि तथा प्रक्रिया

### ४. लैङ्गिक परीक्षणले समेट्ने क्षेत्रहरू:

यस परीक्षणले कार्यविधिको अनुसूची–१ बमोजिम निम्न ५ विषयक्षेत्रहरूलाई समेटेको छ:

(क) नीति, कानून, योजना तथा कार्यक्रम
(ख) संस्थागत व्यवस्था
(ग) मानव संसाधन तथा क्षमता विकास
(घ) सुशासन तथा उत्तरदायित्व
(ङ) सेवा प्रवाह

### ५. लैङ्गिक परीक्षणको विधि र तरिका:

लैङ्गिक परीक्षणका लागि कार्यविधिको दफा ८ र अनुसूची -२ बमोजिम देहायका विधिहरू अवलम्बन गरिएको थियो:

(क) **दस्तावेज समीक्षा:** मन्त्रालयका नीति, कानून, वार्षिक योजना, बजेट वक्तव्य, आर्थिक ऐन, वार्षिक प्रतिवेदन, तथा विभिन्न निर्णयहरूको लैससास दृष्टिकोणबाट अध्ययन।
(ख) **मुख्य सूचनादातासँग अन्तर्वार्ता:** मन्त्रालयका सचिव, विभिन्न महाशाखा प्रमुख तथा कर्मचारीहरूसँग अन्तरक्रिया।
(ग) **अवस्था विश्लेषण:** कार्यशालामा सहभागितात्मक विधिबाट लैससासको सबल/दुर्बल पक्ष तथा अवसर/चुनौती विश्लेषण (अनुसूची–३)।
(घ) **कार्ययोजना तर्जुमा:** परीक्षणको निष्कर्षका आधारमा आगामी कार्ययोजना (अनुसूची–५) तर्जुमा।

### ६. अध्ययनको सीमा:

यो अध्ययन कार्यविधिको अनुसूचीमा उल्लेखित सीमित सूचकहरूमा आधारित रही सम्पन्न गरिएको हो। अध्ययन सीमित समयावधिभित्र गरिएको हुँदा यसको दायरा संकुचित रहेको छ। साथै, मन्त्रालयमा उपलब्ध अनुभव, अवलोकन तथा निरीक्षणबाट प्राप्त जानकारी र द्वितीय तथ्यांकका आधारमा देखिएका सूचकहरूको विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

## ७. लैङ्गिक परीक्षणका सहभागीहरू:

परीक्षण प्रक्रियामा देहाय बमोजिमका व्यक्तिहरूको सहभागिता रहेको थियो:

- प्रदेश सचिव
- लैससास परीक्षण कार्यदलका सदस्यहरू (प्रशासन महाशाखा प्रमुख, योजना अधिकृत, सामाजिक विकास मन्त्रालय प्रतिनिधि, लैससास फोकल पर्सन)
- विभिन्न महाशाखा प्रमुख तथा कर्मचारीहरू

## ८. लैङ्गिक परीक्षणको विश्लेषणका औजारहरू:

- अनुसूची–१ बमोजिमको सूचक तथा अङ्काङ्कन प्रणाली
- अनुसूची–२ बमोजिमको लैससास परीक्षणका विधिहरु
- अनुसूची–३ बमोजिमको SWOT विश्लेषण (सबल/दुर्बल/अवसर/चुनौती)
- अनुसूची–४ बमोजिमको उपलब्धि संकलन ढाँचा
- सहभागितात्मक मूल्याङ्कन विधि

# परीक्षणको नतिजा तथा विश्लेषण

## ९. लैङ्गिक परीक्षणबाट आएका मुख्य प्राप्तिहरू:

कुल ५० सूचक मध्ये GESI परिक्षण कार्यदलले ११ वटा सूचक यस मन्त्रालयसंग असम्बन्धित रहेको पहिचान गरी मन्त्रालयमा उपलब्ध प्रमाणीकरणका आधारहरु समेटेर बाँकी सूचकहरुको परीक्षणबाट मन्त्रालयको लैससास अवस्था **सामान्य** (४६.१५% अङ्क) रहेको देखिएको छ। प्रमुख प्राप्तिहरू निम्नानुसार छन्:

| क्र.सं. | विषयक्षेत्र | कुल सूचक संख्या | प्राप्ताङ्क योग | प्रतिशत |
|---|---|---|---|---|
| १ | नीति, कानून, योजना तथा कार्यक्रम | १० | ६.५ | ३८.११% |
| २ | संस्थागत व्यवस्था | १० (७ मूल्याङ्कित) | ३ | १६.६७% |
| ३ | मानव संसाधन तथा क्षमता विकास | १० (४ मूल्याङ्कित) | २.५ | १३.८९% |
| ४ | सुशासन तथा उत्तरदायित्व | १० | १.५ | ८.३३% |
| ५ | सेवा प्रवाह | १० (८ मूल्याङ्कित) | ४.५ | २५.००% |
| **जम्मा** | | **३९ मूल्याङ्कित)** | **१८** | **४६.१५%** |

## १०. परीक्षणपश्चात सूचकहरूले प्राप्त गरेका अङ्क:

प्रमुख उपलब्धि भएका सूचकहरू निम्नानुसार छन् । विस्तृत अङ्क विवरण अनुसूची–१ मा उल्लेख गरिएको छ।

| क्र.सं. | सूचक | प्राप्ताङ्क |
|---|---|---|
| १.१ | नीति तर्जुमामा सरोकारवालाको सुझाव कार्यान्वयन | १ |
| १.२ | नीति तथा कानूनी दस्तावेजमा लैससास संवेदनशीलता | १ |
| १.४ | कानूनहरूको पहुँचयोग्यता (वेबसाइटमा) | १ |
| १.६ | महिला, बालबालिका तथा पछाडि पारिएको वर्ग क्षेत्र, समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना तर्जुमाको अवस्था | १ |
| १.७ | PLMBIS मा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि | १ |
| १.८ | महिला, बालबालिका तथा पछाडि पारिएका समूहका लागि लैससास नीतिको प्रावधान अनुसार बजेट विनियोजनको अवस्था | १ |
| २.३ | कुनै अवसर (तालिम, अध्ययन, भ्रमण, जिम्मेवारी) प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायबाट प्रतिनिधित्व | १ |
| २.४ | लैससास सम्पर्क व्यक्ति तोकिएको अवस्था | १ |
| ३.२ | मन्त्रालयमा तथा मातहतका निकायमा कार्यरत कर्मचारीको दक्षता/सीप अभिवृद्धि कार्यक्रम | १ |
| ३.४ | लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम | १ |
| ५.२ | सेवा प्रवाहमा स्थानीय भाषाको प्रयोगको अवस्था | १ |
| ५.७ | योजना तथा कार्यक्रम निर्माणमा महिला तथा लक्षित वर्गमैत्री कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयनको अवस्था | १ |

| क्र.सं. | सूचक | प्राप्ताङ्क |
|---|---|---|
| ५.९ | गुनासो सुन्ने अधिकारीको व्यवस्था र गुनासोको सम्बोधन | १ |
| ५.१० | अति गरिब तथा लोपोन्मुख समुदायका व्यक्तिलाई गरिएको सेवा प्रवाहमा सहुलियतको व्यवस्था | १ |

# विश्लेषणात्मक निष्कर्ष

## ११. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नु पर्ने पक्षहरू:

**(क) सबल पक्षहरू:**

- नीति तर्जुमा तथा बजेट वक्तव्यमा लैससास संवेदनशील शब्दावली र प्रावधान समावेश गर्ने अभ्यास रहेको।
- निर्णायक तह (शाखा प्रमुख) मा २५% भन्दा बढी महिला प्रतिनिधित्व रहेको।
- लैससास फोकल पर्सन (एक जना) तोकिएको तथा शाखा अधिकृत स्तरमा लैससास सम्बन्धी दक्ष जनशक्ति रहेको।
- PLMBIS प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि गर्ने व्यवस्था रहेको।
- गुनासो सुन्ने अधिकारी तोकी गुनासो पोर्टलमार्फत सम्बोधन गर्ने व्यवस्था रहेको।

**(ख) सुधार गर्नुपर्ने पक्षहरू:**

- नीति तथा कानून निर्माणमा सुझाव संकलन गरे पनि पूर्ण कार्यान्वयन हुन नसकेको।
- लैससास सम्बन्धी कानूनहरूको नियमित अभिमुखीकरण हुन नसकेको।
- करार पदपूर्तिमा समानुपातिक प्रतिनिधित्वको रणनीति नभएको।
- सकारात्मक विभेदको नीति (तालिम, अध्ययन भ्रमण, जिम्मेवारीमा प्राथमिकता) कार्यान्वयनमा नआएको।
- लैङ्गिक हिंसा उजुरीको लागि छुट्टै संयन्त्र नभएको।
- महिला शौचालयमा स्यानिटरी प्याडको व्यवस्था नभएको।
- यौन शोषण तथा दुर्व्यवहार विरुद्धको नीति तथा आचारसंहिता निर्माण नभएको।
- सार्वजनिक परीक्षण/सुनुवाइ नियमित रूपमा हुन नसकेको।
- सेवाग्राही सन्तुष्टि सर्वेक्षण लैससासमैत्री नभएको।
- स्थानीय भाषामा सेवा सामग्री (नागरिक बडापत्र, सूचना) उपलब्ध नभएको।
- आराम कक्ष, स्तनपान कक्षको व्यवस्था नभएको ।
- बालमैत्री, अपाङ्गमैत्री शौचालयको व्यवस्था नभएको ।
- नागरिक बडापत्र राख्नुपर्ने ।

# कार्ययोजना तथा निष्कर्ष

## १२. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना:

परीक्षणका क्रममा पहिचान गरिएका दुर्बल पक्षहरूलाई सम्बोधन गर्न अनुसूची–५ बमोजिम विस्तृत कार्ययोजना तर्जुमा गरिएको छ। सो कार्ययोजनामा निम्न विषयहरू समावेश छन्:

- नीति, कानून, योजना तथा कार्यक्रम सुधार (अभिमुखीकरण, बजेट विनियोजन, GESI Audit सुझाव कार्यान्वयन)
- संस्थागत व्यवस्था सुदृढीकरण (करार पदपूर्ति रणनीति, सकारात्मक विभेद नीति, लैङ्गिक हिंसा उजुरी संयन्त्र)
- मानव संसाधन तथा क्षमता विकास (भौतिक संरचना अपाङ्ग/बालमैत्री बनाउने)
- सुशासन तथा उत्तरदायित्व अभिवृद्धि (यौन दुव्र्यवहार निवारण नीति, सार्वजनिक परीक्षण)
- सेवा प्रवाहमा सुधार (सेवाग्राही सर्वेक्षण, स्थानीय भाषा, लैससासमैत्री मापदण्ड)

## १३. निष्कर्ष:

पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशको लैससास अवस्था **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०८१** बमोजिम ४६.१५% अंक ल्याई **मध्यम** अवस्थामा रहेको छ। मन्त्रालयमा लैससास सम्बन्धी नीतिगत र संरचनागत रूपमा केही राम्रा अभ्यासहरू भए तापनि कार्यान्वयन पक्ष र सेवा प्रवाहमा थप सुधार गर्न आवश्यक देखिन्छ। प्रस्तुत कार्ययोजनाको प्रभावकारी कार्यान्वयन भएमा मन्त्रालय लैससासमैत्री मन्त्रालयको रूपमा स्थापित हुने देखिन्छ |

## १४. सुझाव:

१. यस प्रतिवेदनसँग संलग्न कार्ययोजनालाई मन्त्रालयको वार्षिक योजना तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्ने।
२. लैससास फोकल पर्सनलाई थप अधिकार तथा जिम्मेवारी सहितको संस्थागत व्यवस्था गर्ने।
३. लैससास सम्बन्धी नियमित अभिमुखीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने।
४. प्रत्येक त्रैमासिकमा कार्ययोजनाको प्रगति समीक्षा गर्ने।
५. लैससास परीक्षणलाई नियमित प्रक्रियाको रूपमा संस्थागत गर्ने।

## अनुसूचीहरू

**१५.** अनुसूचीहरू**:**

(क) **अनुसूची–१:** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सूचक

(ख) **अनुसूची–२:** लैससास परीक्षणका विधिहरु

(ग) **अनुसूची–३:** लैससास सबल र दुर्बल पक्ष तथा अवसर र चुनौती विश्लेषण तालिका

(घ) **अनुसूची–४:** लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त प्रमुख उपलब्धिहरू

(ङ) **अनुसूची–५:** लैससास कार्यान्वयन कार्ययोजना

## प्रतिवेदन तयारी कार्यदल:

विजय राई - संयोजक
महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा
लैससास परीक्षण कार्यदल

विनिता सुवेदी - सदस्य
वन अधिकृत, योजना तथा अनुगमन शाखा

रोसुना कोइराला - सदस्य
शाखा अधिकृत,  सामाजिक विकास मन्त्रालय

राजेश तामाङ - सदस्य–सचिव
लैससास परीक्षण कार्यदल
पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश

राधा रोक्का - आमन्त्रित सदस्य
कानुन अधिकृत, कानुन तथा फैसला कार्यान्वयन शाखा

## अनुसूची-१

**(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)**

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि विषयगत सूचकहरु**

**नोट:** तल दिइएका सूचकहरूमध्ये प्रत्येक निकायले आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित सूचकहरूलाई स्वघोषणा मार्फत छनोट गरी मूल्याङ्कन गर्नु पर्नेछ। यसरी मूल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अङ्क, मध्यम अवस्थालाई ०.५ अङ्क र अति कमजोर अवस्थालाई ० अङ्क दिनु पर्नेछ।

| विषयक्षेत्र | सूचक | १ अङ्क आउने अवस्था | ०.५ अङ्क आउने अवस्था | ० अङ्क आउने अवस्था | प्रमाणीकरणको आधार | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| **१. नीति, कानून, योजना तथा कार्यक्रम** | १.१ नीति, कानून तथा समावेशी तथा सहभागीमूलक विकासका लागि योजना तर्जुमा तथा समीक्षा गर्दा सरोकारवाला महिला तथा सामाजिक रूपमा पछाडि पारिएको वर्ग समुदायका प्रतिनिधि तथा सरोकारवालाको सुझाव कार्यान्वयनको अवस्था | सुझाव लिई कार्यान्वयन गर्ने गरेको | सुझाव लिने गरेको तर कार्यान्वयन नगरेको | सुझाव लिने नगरेको | • मन्त्रालयको योजना तर्जुमा सम्बन्धी सरोकारवाला (FECOFUN) लगायतका समुहसँग आवश्यक छलफल भएको। <br> • सुझाव सङ्कलन परामर्श गोष्ठीमा सहभागीको विवरण | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १.२ नीति तथा कानूनी दस्ताबेज र मस्यौदाको विषयवस्तु, शब्द चयन र प्रावधानमा लैससास संवेदनशीलता, समावेशीता र सहभागिता | सबै नीति तथा कानूनी दस्ताबेज र मस्यौदा विषयवस्तु, शब्द चयन र प्रावधान लैससास संवेदनशील, समावेशी र सहभागीमूलक भएका | केही मात्रामा लैससास संवेदनशील, समावेशी र सहभागीमूलक भएका | लैससास संवेदनशील, समावेशी र सहभागीमूलक नभएका | • वातावरण अध्ययन प्रतिवेदन (IEE, EIA) लगायतका प्रतिवेदनमा लैससास संवदेनशील विषयमा शब्द चयन तथा संवेदनशीलता र समावेशीता सम्बन्धी क्षेत्र हेर्ने गरीएको। | १ |
| | १.३ मन्त्रालय तथा मातहतका निकाय / कार्यालयले जारी गरेका लैससास सम्बन्धी कानूनहरूको विषयमा कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरूलाई अभिमुखीकरणको अवस्था | कम्तीमा ३ वर्षदेखि नियमित अभिमुखीकरण गर्ने गरेको | पछिल्लो ३ वर्षमा आंशिक रूपमा अभिमुखीकरण गर्ने गरेको | अभिमुखीकरण गर्ने नगरिएको | • TTDP संगको सहकार्यमा GESI मैत्री कार्यक्रम संचालन भएको। | ०.५ |
| | १.४ प्रदेश सरकार तथा अन्तर्गतका मन्त्रालयले जारी गरेका कानूनहरूको पहुँचयोग्यता | सबै कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइटमा राखेको | केही मात्र कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइटमा राखेको | कानूनहरू सबैको पहुँचयोग्य हुने गरी वेबसाइटमा नराखिएको | • वेबसाइटमा राखिएको, पुस्तक प्रकाशन गरिएको।<br>• https://motfe.koshi.gov.np/ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १.५ वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति, रणनीति र कार्यक्रम | वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति तथा कार्यक्रम समावेश भई बजेट विनियोजन भई कार्यान्वयनमा आएको | बजेट विनियोजन भएको तर कार्यान्वयनमा नआएको | समावेश नगरिएको | | ० |
| | १.६ महिला, बालबालिका तथा पछाडि पारिएको वर्ग क्षेत्र, समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना तर्जुमाको अवस्था | प्रत्यक्ष लाभ पुग्ने योजनाहरू वार्षिक कार्यक्रममा समावेश भई कार्यान्वयन भएको | समावेश भएको तर कार्यान्वयन नभएको | समावेश नभएको | • मन्त्रालय मार्फत मातहतका कार्यालयहरुबाट कार्यक्रम संचालन भएको । | १ |
| | १.७ लैङ्गिक उत्तरदायी बजेट निर्देशिका अनुरूप प्रदेश विषयगत मन्त्रालय बजेट सूचना प्रणालीमा लैङ्गिक | लैङ्गिक उत्तरदायी बजेट निर्देशिका अनुरूप पूर्ण रूपमा लैङ्गिक उत्तरदायी बजेट | आंशिक रूपमा लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि गरिएको | लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि नगरिएको | • बजेट सूचना प्रणालीको प्रविष्टिखण्ड PLMBIS entry | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उत्तरदायी बजेट संकेत प्रविष्टिको अवस्था | संकेत प्रविष्टि गरिएको | | | | |
| | १.८ महिला, बालबालिका तथा पछाडि पारिएका समूहका लागि लैससास नीतिको प्रावधान अनुसार बजेट विनियोजनको अवस्था | बजेट विनियोजन भई कार्यान्वयन भएको | बजेट विनियोजन भएको तर कार्यान्वयन नभएको | बजेट विनियोजन नभएको | ● मन्त्रालय मार्फत मातहतका कार्यालयहरुबाट कार्यक्रम संचालन भएको । | १ |
| | १.९ लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेट व्यवस्था | बजेट व्यवस्था गर्ने गरेको | बजेट व्यवस्था गरेको तर परीक्षण गर्ने नगरेको | बजेट व्यवस्था नगरेको र परीक्षण गर्ने नगरेको | | ० |
| | १.१० लैससास परीक्षणमा औंल्याइएका सुधार, सुझावहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेशको अवस्था | वार्षिक योजनामा समावेश भई कार्यान्वयनमा आएको | वार्षिक योजनामा समावेश भएको तर कार्यान्वयनमा नआएको | समावेश नभएको | | ० |
| **२. संस्थागत व्यवस्था** | २.१ निर्णायक तहमा महिला तथा वञ्चितीकरणमा परेका समुदायको प्रतिनिधित्व | कम्तीमा ३३ प्रतिशत प्रतिनिधित्व भएको | कम्तीमा २५ प्रतिशत प्रतिनिधित्व भएको | २५ प्रतिशत भन्दा कम प्रतिनिधित्व भएको | ● २ जना कर्मचारीहरु विनिता सुबेदी र सुजाता राईलाई शाखा प्रमुखको जिम्मेवारी प्रदान गरिएको । | ०.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (कम्तीमा सचिव, महाशाखा प्रमुख, कर्मचारी र नियुक्त पदाधिकारी) | | | | | |
| | २.२ श्रेणीविहीन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, लिङ्ग, वर्ग र समुदायको प्रतिनिधित्व | समानुपातिक प्रतिनिधित्व हुन सक्ने रणनीति बनाई कार्यान्वयनमा आएको | रणनीति बनेको तर कार्यान्वयनमा नआएको | रणनीति नबनेको | | ० |
| | २.३ कुनै अवसर (तालिम, अध्ययन, भ्रमण, जिम्मेदारी) प्रदान गर्दा महिला तथा वञ्चितीकरणमा परेका समुदायबाट प्रतिनिधित्व भएका कर्मचारी / पदाधिकारीहरूलाई प्राथमिकता दिने गरी सकारात्मक विभेदको नीति अनुरूप प्रतिनिधित्वको अवस्था | सकारात्मक विभेदको नीति निर्माण भई पूर्ण कार्यान्वयनमा आएको | सकारात्मक विभेदको नीति निर्माण मात्र गरिएको तर आंशिक रूपमा मात्र कार्यान्वयनमा आएको | सकारात्मक विभेदको नीति नगरिएको | ● बैदेशिक तालिमका लागि विनिता सुबेदीलाई मनोनयन गरिएको। | १ |
| | २.४ लैङ्गिक समानता तथा सामाजिक | व्यवस्था भएको | व्यवस्था गर्ने निर्णय भएको | व्यवस्था नभएको | ● लैससास सम्पर्क व्यक्ति तोकिएको - शाखा अधिकृत श्री राजेश तामाङ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समावेशीकरण हेर्ने इकाइ / शाखा र कार्यान्वयन समितिको व्यवस्था वा लैससास सम्पर्क व्यक्ति तोकिएको अवस्था | | | | | |
| | २.५ मन्त्रालय तथा कार्यालयमा लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्ने संयन्त्रको व्यवस्था | छुट्टै उजुरी संयन्त्रको व्यवस्था भएको | कानूनमा भएको व्यवस्था बमोजिम निर्णय भई कार्यान्वयनमा आएको | कुनै पनि निर्णय नभएको | | ० |
| | २.६ मन्त्रालय तथा अन्तर्गत कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा सामाजिक रूपमा पछाडि पारिएका वर्ग, समुदायहरूको सहभागिता तथा प्रतिनिधित्वको अवस्था | ३३ प्रतिशत भन्दा बढी प्रतिनिधित्व रहेको | १० देखि ३३ प्रतिशत सम्म प्रतिनिधित्व रहेको | १० प्रतिशत भन्दा कम प्रतिनिधित्व रहेको | • खरिद समिति, निर्देशक समितिमा महिला प्रतिनिधित्व रहेको | ०.५ |
| | २.७ लैससासमैत्री खण्डीकृत तथ्याङ्क | पूर्ण रूपमा व्यवस्थापन गर्ने गरिएको | आंशिक रूपमा मात्र भएको | कुनै पनि व्यवस्था नभएको | असम्बन्धित | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सङ्कलन तथा व्यवस्थापनको अवस्था | | | | | |
| | २.८ खण्डीकृत तथ्याङ्कको सार्वजनिकीकरण | अर्धवार्षिक रूपमा नियमित सार्वजनिकीकरण गरेको | वार्षिक रूपमा सार्वजनिकीकरण गरेको | सार्वजनिकीकरण नगरेको | असम्बन्धित | |
| | २.९ खण्डीकृत तथ्याङ्कको विश्लेषण र नीति तथा योजना तर्जुमामा प्रयोग | खण्डीकृत तथ्याङ्कको विश्लेषण भई सोही तथ्याङ्कमा आधारित भएर नीति तथा योजना तर्जुमा गर्ने गरेको | विश्लेषण हुने गरेको तर सोही तथ्याङ्कमा आधारित भएर नीति तथा योजना तर्जुमा गर्ने नगरेको | खण्डीकृत तथ्याङ्कको विश्लेषण गर्ने नगरेको | असम्बन्धित | |
| | २.१० नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था | भएको र प्रभावकारी रूपमा कार्य भएको | स्थापना भएको तर प्रभावकारी नदेखिएको | स्थापना नै नभएको | | ० |
| **३. मानव संसाधन तथा क्षमता विकास** | ३.१ लैङ्गिक तथा समावेशी विकासको लागि बजेट विनियोजन एवं खर्च गर्ने कार्यविधि | छुट्टै शीर्षकमा बजेट विनियोजन हुने गरेको र यस्तो रकम खर्च गर्ने कार्यविधि भएको | छुट्टै शीर्षकमा बजेट विनियोजन हुने गरेको तर खर्च गर्ने कार्यविधि स्वीकृत नभएको | छुट्टै शीर्षकमा बजेट विनियोजन नभएको | | ० |
| | ३.२ मन्त्रालयमा तथा मातहतका निकायमा कार्यरत कर्मचारीको | ४० प्रतिशत भन्दा बढी लक्षित समुदायको | २५ देखि ४० प्रतिशत सम्म सहभागिता भएको | २५ प्रतिशत भन्दा कम सहभागिता भएको | • तालिममा सहभागी कर्मचारी तथा पदाधिकारीको विवरण | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | दक्षता / सीप अभिवृद्धि कार्यक्रम कार्यान्वयन गर्दा महिला, दलित, अपाङ्गता भएका व्यक्ति, जनजाति लगायत वञ्चितीकरणमा परेको वर्ग वा समुदायको प्रतिनिधित्व गर्ने कर्मचारी वा पदाधिकारीको सहभागिता | प्रतिनिधित्व गर्ने कर्मचारीको सहभागिता भएको | | | | |
| | ३.३ भवन आचारसंहिता तथा कार्यालयको भौतिक संरचना तयार गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गरिएको | मापदण्ड अनुरूप शत प्रतिशत तयार भएको | आंशिक रूपमा मात्र तयार भएको | नभएको | • भवन वा संरचनाको बनावट | ०.५ |
| | ३.४ लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी | यथेष्ट मानवीय स्रोत रहेको | न्यून मानवीय स्रोत रहेको | नरहेको | • विषयगत तालिम प्राप्त जनशक्ति संख्या विवरण | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने मानवीय स्रोतको अवस्था | | | | | |
| | ३.५ विपद् व्यवस्थापनसँग सम्बन्धित विषयगत समितिमा लक्षित वर्गको प्रतिनिधित्व | कार्यविधि अनुरूप भएको | आंशिक रूपमा मात्र भएको | नभएको | असम्बन्धित | |
| | ३.६ प्रदेश सरकारको विपद् सम्बन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापनमा लाभान्वित समूहका महिला तथा वञ्चितीकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण | पूर्ण रूपमा खण्डीकृत तथ्याङ्क राखी कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरेको | आंशिक तथ्याङ्क राखी कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरेको | तथ्याङ्क नराखी कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरेको | असम्बन्धित | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३.७ प्रदेश सरकारको विपद् व्यवस्थापन कोष सञ्चालक समितिमा महिला तथा वञ्चितीकरण परेको समुदाय समेतको सहभागिता | कानून बमोजिमको प्रतिनिधित्व भएको | आंशिक मात्र प्रतिनिधित्व भएको | नभएको | असम्बन्धित | |
| | ३.८ महिला विरुद्ध हुने सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरूका लागि बजेट विनियोजन र कार्यक्रम सञ्चालन | कार्यक्रम अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न हुने गरेको | कार्यक्रमहरू रहे पनि सो अनुसारको बजेट विनियोजन तथा सञ्चालन नभएको | कार्यक्रमहरू नरहेको | असम्बन्धित | |
| | ३.९ मन्त्रालय तथा अन्तर्गत कार्यालयबाट महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू सञ्चालनको अवस्था | कार्यक्रम सञ्चालन गर्ने गरिएको | कार्यक्रम सञ्चालन गर्ने गरिए तापनि प्रभावकारी नभएको | कार्यक्रम सञ्चालन नगरिएको | असम्बन्धित | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३.१० प्रदेश सरकार तथा अन्तर्गत कार्यालयका कर्मचारी तथा पदाधिकारीका लागि लैससासमैत्री कानून निर्माण प्रक्रिया सम्बन्धी अभिमुखीकरण | आवश्यक बजेट विनियोजन भई लैससासमैत्री कानून निर्माणको बारेमा अभिमुखीकरण भएको | आवश्यक बजेट विनियोजन भएको तर अभिमुखीकरण नभएको | बजेट विनियोजन नभएको | असम्बन्धित | |
| **४. सुशासन तथा उत्तरदायित्व** | ४.१ अपाङ्गमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानी तथा महिला र पुरुष कर्मचारीको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था | अपाङ्गमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानीको व्यवस्था भएको साथै महिला र पुरुष कर्मचारीको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको | बजेट तथा कार्यक्रम रहेको | बजेट तथा कार्यक्रम नरहेको | महिला र पुरुष कर्मचारीको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था रहेको | ०.५ |
| | ४.२ महिला शौचालयमा स्यानिटरी प्याडको उपलब्धता | उपलब्ध गराइएको | स्यानिटरी प्याड राख्ने गरिएको तर प्याड व्यवस्थापनको लागि बजेट तथा कार्यक्रम नरहेको | स्यानिटरी प्याडको व्यवस्थापन नभएको | | ० |
| | ४.३ गर्भवती तथा सुत्केरी कर्मचारीहरूको लागि आराम गर्ने कक्ष र २ वर्ष सम्मका बालबालिका | पूर्ण रूपमा समय व्यवस्थापन भएको | समय व्यवस्थापन भएको तर कार्यान्वयनमा नआएको | नभएको | महिला कर्मचारीका लागि स्तनपान गर्ने समय व्यवस्थापन भएको | ०.५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भएका महिला कर्मचारीका लागि शिशु स्याहार तथा स्तनपान गर्ने समय व्यवस्थापन | | | | | |
| | ४.४ बालबालिका, अपाङ्गमैत्री, लैङ्गिक संवेदनशीलता (यौनिक अल्पसङ्ख्यक सहित) को दृष्टिकोणबाट पूर्वाधार तथा अन्य संरचनाको अवस्था | पूर्वाधार तथा अन्य संरचना बालबालिका, अपाङ्गमैत्री, लैङ्गिक संवेदनशील मैत्री (यौनिक अल्पसङ्ख्यक सहित) भएको | निर्माणका लागि डिपिआर मात्र तयार गरिएको | नभएको | | ० |
| | ४.५ मन्त्रालय, कार्यालयमा यौन शोषण तथा दुव्र्यवहार विरुद्ध नीति र आचारसंहिता निर्माण | नीति र आचारसंहिता निर्माण गरिएको | नीति र आचारसंहिता बन्दै गरेको | नीति र आचारसंहिता निर्माण नगरिएको | | ० |
| | ४.६ कुनै कर्मचारी माथि हुन सक्ने यौन दुव्र्यवहार निवारण गर्न गुनासो सुन्ने प्रणालीको व्यवस्था | गुनासो सुन्ने प्रणालीको व्यवस्था भएको | आचारसंहिता मात्र निर्माण भई कार्यालयमा टाँस गरिएको | कुनै व्यवस्था नभएको | | ० |
| | ४.७ सार्वजनिक परीक्षण सार्वजनिक सुनुवाइ | प्रदेश सुशासन ऐनमा व्यवस्था भए बमोजिम नियमित | आंशिक रूपमा कार्यक्रमको सार्वजनिक परीक्षण | नियमित रूपमा सार्वजनिक परीक्षण | | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | रूपमा कार्यक्रमको सार्वजनिक परीक्षण सार्वजनिक सुनुवाइ गर्ने गरेको | सार्वजनिक सुनुवाइ गर्ने गरेको | सार्वजनिक सुनुवाइ गर्ने नगरेको | | |
| | ४.८ लैससास सम्बन्धी नीति तथा कार्यक्रमका सम्बन्धमा नागरिकलाई सूचना प्रवाह | पूर्ण रूपमा सुसूचित गर्ने गरेको | आंशिक रूपमा मात्र सुसूचित गर्ने गरेको | सुसूचित गर्ने नगरेको | | ० |
| | ४.९ सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासको दृष्टिकोणबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण | लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासको दृष्टिकोणबाट विश्लेषण गर्ने गरिएको | विश्लेषण गर्ने कार्यक्रम रहेको तर कार्यान्वयन नभएको | नभएको | योजना अनुगमनको प्रतिवेदन | ०.५ |
| | ४.१० कार्यक्रम प्रभावकारिताको लागि नागरिक अनुगमन र तेस्रो पक्षीय अनुगमन पद्धतिको विकास र तिनका सुझाव तथा सिफारिसहरूको कार्यान्वयनको अवस्था | भएको | विकास भएको तर सुझाव कार्यान्वयन नभएको | दुवै नभएको | | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **५. सेवा प्रवाह** | ५.१ सेवाग्राही सन्तुष्टि सर्वेक्षणसँग सम्बन्धित औजारहरू प्रयोग गर्दा विशेष गरी महिला तथा वञ्चितीकरणमा परेका वर्गसँग सम्बन्धित लैससासमैत्री प्रावधान राखिएको वा प्रणालीको विकास | सेवाग्राही सन्तुष्टि सर्वेक्षणसँग सम्बन्धित औजारहरू प्रयोग गर्दा विशेष गरी महिला तथा वञ्चितीकरणमा परेका वर्गसँग सम्बन्धित लैससासमैत्री प्रावधान राखिएको वा प्रणालीको विकास गरिएको | आंशिक रूपमा राखिएको वा प्रणालीको विकास गरिएको | केही पनि नगरिएको | | ० |
| | ५.२ सेवा प्रवाहमा स्थानीय भाषाको प्रयोगको अवस्था | सरकारी कामकाजको भाषाका अतिरिक्त स्थानीय भाषाको समेत प्रयोग गरी सेवा प्रवाह गर्ने गरिएको (नागरिक बडापत्र, सन्देशहरू स्थानीय भाषामा प्रकाशन) | आंशिक रूपमा मात्रै व्यवस्था मिलाइएको | सरकारी कामकाजको भाषा मात्र प्रयोग गरिएको | सेवाग्राहीसंग स्थानीय भाषामा सम्वाद भएको । | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५.३ मन्त्रालय तथा<br>कार्यालयबाट प्रदान गरिने<br>सार्वजनिक सेवा प्रवाहको<br>सम्बन्धमा लैससासमैत्री<br>मापदण्ड निर्माण | मापदण्ड निर्माण<br>गरी कार्यान्वयनमा<br>ल्याएको | विशेष<br>व्यवस्था/मापदण्ड<br>निर्माण गरेको तर<br>कार्यान्वयनमा<br>नल्याएको वा<br>मापदण्ड निर्माण हुँदै<br>गरेको | कुनै विशेष<br>व्यवस्था नगरेको | | ० |
| | ५.४ प्रदेश सरकारले गर्ने<br>सार्वजनिक परीक्षण,<br>सामाजिक परीक्षण,<br>सार्वजनिक सुनुवाइ,<br>नियमित पत्रकार भेटघाट र<br>सूचनाको सार्वजनिकीकरण<br>कार्यक्रममा सरोकारवालाको<br>उपस्थिति | उल्लेख्य उपस्थिति<br>रहने गरेको | न्यून उपस्थिति रहने<br>गरेको | उपस्थिति रहने<br>नगरेको | असम्बन्धित | |
| | ५.५ कार्यालयले प्रवाह गर्ने<br>सेवाका बारेमा नागरिक<br>बडापत्रको अवस्था | नागरिक बडापत्र<br>स्पष्ट बुझिने गरी<br>सबैको पहुँचयोग्य<br>स्थानमा राख्नुका<br>साथै प्रविधिको<br>प्रयोग गरी<br>लैससासमैत्री<br>बनाइएको | सबैको पहुँचयोग्य<br>स्थानमा राखिएको<br>तर प्रविधिको प्रयोग<br>गरी थप<br>लैससासमैत्री बनाउने<br>सम्बन्धमा कार्य<br>नभएको | नागरिक बडापत्र<br>स्पष्ट बुझिने गरी<br>सबैको पहुँचयोग्य<br>स्थानमा<br>नराखिएको | | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५.६ सेवा प्रवाहका सुधारका क्षेत्रको पहिचान र कार्ययोजना निर्माण | सुधारका क्षेत्रको पहिचान र कार्ययोजना निर्माण गरी कार्यान्वयन भएको | सुधारको सम्बन्धमा अध्ययन भई कार्ययोजना निर्माण भएको तर कार्यान्वयन नभएको | केही नभएको | अध्ययन दस्ताबेज आ. ले. प. प्रतिवेदन | ०.५ |
| | ५.७ योजना तथा कार्यक्रम निर्माणमा महिला तथा लक्षित वर्गमैत्री कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयनको अवस्था | वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको | वार्षिक बजेटमा समावेश गरिएको तर कार्यान्वयन नगरिएको | कार्यक्रमहरू नराखिएको | वार्षिक योजना तर्जुमा तथा बजेट | १ |
| | ५.८ स्वरोजगार तथा वैदेशिक रोजगारीमा जाने महिला तथा वञ्चितीकरण परेको समुदायको क्षमता विकासका लागि कार्यक्रम कार्यान्वयनको अवस्था | कम्तीमा ५ वटा कार्यक्रमहरू कार्यान्वयन गरेको | आंशिक रूपमा कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने गरेको | कुनै पनि कार्यक्रमहरू नगरेको | असम्बन्धित | |
| | ५.९ गुनासो सुन्ने अधिकारीको व्यवस्था र गुनासोको सम्बोधन | गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी गुनासो समयमै सम्बोधन गर्ने गरिएको | गुनासो सुन्ने अधिकारीको व्यवस्था गरेको तर गुनासो सम्बोधन गर्ने नगरिएको | गुनासो सुन्ने अधिकारीको व्यवस्था नभएको | श्री दिपक पोखरेल, वन अधिकृत लाई गुनासो सुन्ने अधिकारी तोकिएको तथा गुनासो पोर्टल मार्फत सम्बोधन गर्ने गरिएको | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ५.१० अति गरिब तथा लोपोन्मुख समुदायका व्यक्तिलाई गरिएको सेवा प्रवाहमा सहुलियतको व्यवस्था | निःशुल्क सेवा प्रवाह गर्ने गरेको | सेवा प्रवाह गर्दा केही सहुलियत वा छुट दिने गरेको | व्यवस्था नभएको | विपदको समयमा निःशुल्क काठ दाउदा वितरण गरिएको | १ |

जम्मा प्राप्तांक: १८ / ३९ = ४६.१५%

## अनुसूची - २

**(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)**

**लैससास परीक्षणका विधिहरू**

लैससास परीक्षण गर्दा देहायको विधिहरू अवलम्बन गरी लैससास अवस्था विश्लेषण गरी प्रतिवेदन तयार गरियो:-

**(क) दस्ताबेज समीक्षा**

परीक्षण कार्यदलले मन्त्रायल सम्बन्धित नीति, कानून, क्षमता विकास योजना, वार्षिक योजना, आवधिक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समीक्षाको प्रतिवेदन, विकास बुलेटिन पाश्र्वचित्र तथा विभिन्न समयमा भएका निर्णयहरूको लैससास दृष्टिकोणबाट अध्ययन, विशेषण र पुनरावलोकन गरियो।

**(ख) लक्षित समुदाय छलफल**

लैससास परीक्षण गर्दा लैससास परीक्षण गर्न लागिएको निकायसँग सरोकार राख्ने समूहहरूसँग सम्बन्धित सवालहरूमा थप जानकारी लिन अनुसूची-१ बमोजिमका सूचकहरूको आधारमा लक्षित समुदाय छलफल गर्नु पर्नेछ।

**(ग) मुख्य सूचनादातासँग अन्तर्वार्ता**

लैससास परीक्षणको गोष्ठी सञ्चालन पूर्व सम्बन्धित सूचना सङ्कलन र छलफलहरूवाट देखिएका नतिजाहरूको बारेमा पुस्ट्याइ तथा थप जानकारी लिनका लागि मन्त्रालयको मुख्य सरोकारवाला वा प्रतिनिधिहरूसँग अन्तर्वार्ता गरियो।

**(घ) अवस्था विशेषण**

परीक्षण कार्यदलले सहभागितात्मक विधिका आधारमा कार्यशालाको अवधिमा लैससासको क्षेत्रमा विगतमा भए गरेका गतिविधिहरू र प्राप्त अनुभवको अवस्थाको सबल र दुर्बल पक्ष तथा अवसर र चुनौतीको विश्लेषण गरी अनुसूची - ३ र प्राप्त मुख्य उपलब्धिहरूलाई अनुसूची - ४ बमोजिमको ढाँचामा तयार गरियो।

**(ङ) कार्ययोजना तयार**

लैससास परीक्षण र सवल र दुर्बल पक्ष तथा अवसर र चुनौतीको विश्लेषण समेतको आधारमा आगामी दिनमा संचालन गर्नु पर्ने क्रियाकलाप र सुझाव समेत राखी अनुसूची ५ बमोजिमको कार्यान्वयन कार्ययोजना तर्जुमा गरियो। यस कार्ययोजना कार्यान्वयनका लागि रु. ५१०,०००/- बजेट लाग्ने अनुमान गरिएको छ।

**(च) प्रतिवेदन**

लैससास परीक्षणको प्रतिवेदन अनुसूची ७ बमोजिमको ढाँचामा तयार गरी मिति २०८३/१/९ गते प्रदेश सचिव लगायत मन्त्रालयका कर्मचारीहरुको उपस्थितिमा प्रस्तुतीकरण तथा छलफल भएको र सोको सुझाव समेत एकीकृत गरी अन्तिम प्रतिवेदन तयार गरि मन्त्रालयमा पेश गरियो।

## अनुसूची – ३
### (दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

### लैससास सबल र दुर्बल पक्ष तथा अवसर र चुनौती विश्लेषण तालिका

| मूल शीर्षक | सबल पक्षहरू | दुर्बल/सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौती |
|---|---|---|---|---|
| **नीति, कानून, योजना तथा कार्यक्रम** | ☐ नीति, कानून तथा समावेशी तथा सहभागीमूलक विकासका लागि योजना तर्जुमा तथा समीक्षा गर्दा सरोकारवाला महिला तथा सामाजिक रूपमा पछाडि पारिएको वर्ग समुदायका प्रतिनिधि तथा सरोकारवालाको सुझावहरुको कार्यान्वयन गरिएको<br><br>☐ नीति तथा कानूनी दस्तावेज र मस्यौदाको विषयवस्तु, शब्द चयन र प्रावधानमा लैससास संवेदनशीलता, समावेशीता र सहभागिता हुने गरेको<br><br>☐ मन्त्रालयले जारी गरेका कानूनहरूको पहुँचयोग्य हुने गरी वेबसाइटमा राखिएको<br><br>☐ महिला, बालबालिका तथा पछाडि पारिएको वर्ग | ☐ मन्त्रालय तथा मातहतका निकाय/कार्यालयले जारी गरेका लैससास सम्बन्धी कानूनहरूको विषयमा कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरूलाई अभिमुखीकरण गर्नुपर्ने<br><br>☐ वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासकालागि नीति, रणनीति र कार्यक्रम गरिनुपर्ने<br><br>☐ लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेट व्यवस्था गर्नुपर्ने<br><br>☐ लैससास परीक्षणमा औंल्याइएका सुधार, सुझावहरू कार्यान्वयनकालागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गर्नुपर्ने<br><br>☐ लैससास परिक्षण (GESI Audit) गर्न बजेट व्यवस्था नरहेको | ☐ कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरूलाई लैससास सम्वन्धी अभिमुखीकरण हुने<br><br>☐ समतामूलक विकास हुने<br><br>☐ मन्त्रालयको वार्षिक कार्यक्रमबाट गर्न सकिने | ☐ बजेट सीमितता र कार्यान्वयन तहमा संवेदनशीलता अभाव<br><br>☐ सम्बन्धित कर्मचारीको कमि |

| | | | | |
|---|---|---|---|---|
| | क्षेत्र, समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना तर्जुमा गरिएको<br><br>☐ महिला, बालबालिका तथा पछाडि पारिएका समूहका लागि लैससास नीतिको प्रावधान अनुसार बजेट विनियोजन गरिएको | | | |
| **संस्थागत व्यवस्था** | ☐ लैससास परीक्षण कार्यदल गठन र स्पष्ट जिम्मेवारी तोकिएको<br><br>☐ लैससास सम्पर्क व्यक्ति तोकिएको | ☐ लैससास सम्पर्क व्यक्ति र कार्यदललाई नियमित तालिम/अभिमुखीकरणको अभाव रहेको<br><br>☐ श्रेणीविहीन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सकारात्मक विभेदको रणनीति नभएको<br><br>☐ मन्त्रालयमा लैङ्गिक हिंसा सम्बन्धी छुट्टै उजुरी संयन्त्रको व्यवस्था नभएको<br><br>☐ नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था नरहेको | ☐ समानुपातिक प्रतिनिधित्व हुन सक्ने रणनीति बनाई कार्यान्वयनमा ल्याउन सकिने<br><br>☐ मन्त्रालयमा उजुरी सुनुवाईको जिम्मेवारी कार्यालय प्रमुखमा रहने व्यवस्था हुनु पर्ने<br><br>- | ☐ GESI AUDIT गर्ने जनशक्ति तथा परिक्षण गर्ने प्राविधिक क्षमता बढाउनु<br><br>☐ लैससास सम्पर्क व्यक्तिको अस्थिर सरुवा हुनु<br><br>☐ संस्थागत स्मरणको अभिलेखीकरण गर्नु |

| | | | | |
|---|---|---|---|---|
| **मानव संसाधन तथा क्षमता विकास** | ☐ सम्बन्धित शाखा महाशाखा र सम्पर्क व्यक्तिहरु तालिम तथा सिप विकासमा सहभागी हुने प्रचलन रहेको<br><br>☐ लैससास सम्बन्धी दक्ष जनशक्ति रहेको<br><br>☐ GESI परीक्षण कार्यशाला सञ्चालन व्यवस्था रहेको | ☐ लैससास मैत्री भवन संरचना नभएको | ☐ मन्त्रालयमा तथा मातहतका निकायमा कार्यरत कर्मचारीको दक्षता सीप / अभिवृद्धि कार्यक्रम वर्गका कर्मचारीहरुलाई प्राथमिकता दिने<br><br>☐ भवन आचारसंहिता अनुसार कार्यालयको भौतिक संरचना सुधार गर्दै लान सकिने | ☐ तालिमका लागि स्रोत र समय व्यवस्थापन गर्नु<br><br>☐ पर्याप्त स्रोतको व्यवस्थापन गर्नु |
| **सुशासन तथा उत्तरदायित्व** | ☐ महिला र पुरुष कर्मचारीको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था भएको<br><br>☐ महिला कर्मचारीका लागि स्तनपान गर्ने समयको व्यवस्था रहेको<br><br>☐ अध्ययन र अनुगमनको प्रतिवेदन सार्वजनिक गर्ने प्रावधान | ☐ महिला शौचालयमा Menstrual hygiene kit को व्यवस्था नभएको<br><br>☐ गर्भवती तथा सुत्केरी कर्मचारीलाई स्तनपान सहितको आराम कक्ष नभएको<br><br>☐ यौन शोषण तथा दुर्व्यवहार विरुद्ध नीति र आचारसंहिता नरहेको<br><br>☐ लैंगिक हिंसा सम्बन्धि छुट्टै गुनासो व्यवस्थापन प्रणाली नभएको | ☐ अपांगमैत्री, बालमैत्री भवन, शौचालयको व्यवस्था गर्न सकिने<br><br>☐ गर्भवती तथा सुत्केरी कर्मचारी आराम कक्ष बनाउन पर्याप्त space रहेको<br><br>☐ यौन शोषण तथा दुर्व्यवहार विरुद्ध नीति र आचारसंहिता बनाई कार्यान्वायन गर्न सकिने | ☐ मन्त्रालयमा GESI मैत्री सोच, व्यवहार र शैलीको विकास गर्नु |

| | | | | |
|---|---|---|---|---|
| | | ☐ सार्वजनिक परीक्षण सार्वजनिक सुनुवाइ हुने नगरेको | | |
| **सेवा प्रवाह** | ☐ NTV Itahari सँग सम्झौता गरि मन्त्रालयबाट गरिने अधिकांश गतिविधिहरू सार्वजनिक गर्ने गरेको<br><br>☐ वन अधिकृत दिपक पोखरेललाई गुनासो सुन्ने अधिकारी तोकी Gunaso Portal मार्फत नियमित गुनासो सुनुवाई गर्ने गरिएको | ☐ सेवाग्राही सन्तुष्टि फारम र परिक्षण विधिको थालनी नै नभएको<br><br>☐ नागरिक बडापत्र सबैको पहुँच पुग्ने गरि मन्त्रालयमा टाँस नभएको<br><br>☐ सेवा प्रवाहमा समावेशी पहुँच संरचना, भाषा आंशिक मात्र भएको<br><br>☐ अभिलेख तथा डेटा व्यवस्थापनमा कमजोरी | ☐ डिजिटल प्रणाली मार्फत समावेशी पहुँच विस्तार गर्न सकिने | ☐ सेवाग्राहीको संरचना, सेवा प्रवाह गर्ने मध्यमलाई GESI मैत्री बनाउनु |

## अनुसूची – ४

**(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)**

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त प्रमुख उपलब्धिहरू

| विषय क्षेत्र र सूचक | प्रमुख उपलब्धिहरू |
|---|---|
| **१. नीति, कानून, योजना तथा कार्यक्रम** | |
| १.१ नीति तर्जुमा प्रक्रियामा सरोकारवालाको सहभागिता | महिला, दलित, जनजाति तथा वञ्चितीकरणमा परेका वर्गबाट सुझाव संकलन गरी माइन्यूट अभिलेखीकरण गर्ने अभ्यास विकास भएको। सुझाव कार्यान्वयन गर्ने प्रणाली संस्थागत भएको। |
| १.२ नीति तथा कानूनी दस्तावेजमा लैससास संवेदनशीलता | बजेट वक्तव्य, ऐन तथा नीतिमा समावेशी शब्दावली प्रयोग र लैङ्गिक विश्लेषण समावेश गर्ने गरिएको। |
| १.४ कानूनहरूको पहुँचयोग्यता | मन्त्रालयको वेबसाइटमार्फत कानून तथा नीतिहरू सार्वजनिक गरी सबैको पहुँचयोग्य बनाइएको। |
| १.५ वार्षिक बजेटमा लैङ्गिक तथा समावेशी कार्यक्रम | वार्षिक बजेटमा लैङ्गिक उत्तरदायी कार्यक्रम समावेश भएका क्रियाकलापहरुमा बजेट विनियोजन गर्दै आएको | |
| १.७ लैङ्गिक उत्तरदायी बजेट संकेत प्रविष्टि | PLMBIS प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट संकेत पूर्ण रूपमा प्रविष्टि गरिएको | |
| **२. संस्थागत व्यवस्था** | |
| २.४ लैससास फोकल पर्सन व्यवस्था | लैससास सम्पर्क व्यक्ति तोकिएको। |
| २.६ समिति तथा कार्यदलमा सहभागिता | विभिन्न समिति/उपसमितिमा १०–३३% सम्म महिला तथा वञ्चित वर्गको प्रतिनिधित्व हुने गरेको। |
| **३. मानव संसाधन तथा क्षमता विकास** | |
| ३.२ क्षमता अभिवृद्धि कार्यक्रममा समावेशी सहभागिता | PAMS, लेखा लगायत तालिममा २५–४०% सम्म लक्षित समुदायको सहभागिता सुनिश्चित गरिएको। |

| | |
|---|---|
| ३.४ लैससास सम्बन्धी मानवीय स्रोत | शाखा अधिकृत सरहको १ जना दक्ष जनशक्ति रहेको। |
| समग्र उपलब्धि | कर्मचारीमा लैङ्गिक संवेदनशीलतामा वृद्धि तथा संस्थागत क्षमता सुदृढीकरण हुदै गएको। |
| **४. सुशासन तथा उत्तरदायित्व** | |
| ४.१ महिला र पुरुष छुट्टाछुट्टै शौचालय व्यवस्था | महिला/पुरुषका लागि छुट्टाछुट्टै शौचालय संरचना व्यवस्था रहेको। |
| ४.३ स्तनपान तथा शिशु स्याहार समय व्यवस्थापन | महिला कर्मचारीका लागि स्तनपान समय व्यवस्थापनको प्रावधान रहेको। |
| ४.८ सूचना प्रवाह | १६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियान लगायतका अन्य सम्बन्धित सूचना वेबपेजमार्फत सार्वजनिक गर्ने गरिएको। |
| ४.९ अनुगमनमा लैससास दृष्टिकोण | योजना अनुगमन प्रतिवेदनमा लैङ्गिक तथा सामाजिक प्रभाव विश्लेषण गर्न शुरु गरिएको। |
| **५. सेवा प्रवाह** | |
| ५.४ सार्वजनिक परीक्षण तथा सुनुवाइमा सहभागिता | NTV Itahari संगको सम्झौतामा पर्यटन प्रवर्द्वन तथा मन्त्रालय सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने गरेको। |
| ५.९ गुनासो सुन्ने अधिकारी | गुनासो सुन्ने अधिकारी तोकी गुनासो पोर्टलमार्फत सम्बोधन गर्ने गरिएको। |
| ५.१० अति गरिब तथा लोपोन्मुख समुदायलाई सहुलियत | विपदको समयमा निःशुल्क काठ दाउरा वितरण गरिएको। |

## अनुसूची – ५

**(दफा ८ को उपदफा (३) सँग सम्बन्धित)**

**लैससास कार्यान्वयन कार्ययोजना**

| पुर्णाङ्क | प्राप्ताङ्क | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | मुख्य जिम्मेवारी समयवधि | | | समयवधि | थप आर्थिक दायित्व बेहोर्नु पर्ने वा नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने भएमा अनुमानित रकम रु | नपर्ने |
| निति, कानुन, योजना तथा कार्यक्रम | | | | | | | | |
| १ | ०.५ | १.३ मन्त्रालय तथा मातहतका निकाय/कार्यालयले जारी गरेका लैससास सम्बन्धी कानूनहरूको विषयमा कर्मचारी, प्रतिनिधि र सरोकारवालाहरूलाई अभिमुखीकरणको संचालन गर्ने | प्रशासन तथा योजना शाखा | प्रदेश सचिव | प्रशासन तथा योजना शाखा | बार्षिक | 20000 | |
| १ | ० | १.५ वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासका लागि नीति, रणनीति निर्माण गरि कार्यक्रम गर्ने। | प्रशासन तथा योजना शाखा | प्रदेश सचिव | प्रशासन तथा योजना शाखा | बार्षिक | | नपर्ने |
| १ | ० | १.९ लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण गर्न बजेट व्यवस्था गर्ने। | प्रशासन तथा योजना शाखा | प्रदेश सचिव | प्रशासन तथा योजना शाखा | बार्षिक | 50000 | |
| १ | ० | | प्रशासन तथा योजना शाखा | प्रदेश सचिव | | निरन्तर | | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १.१० लैससास परीक्षणमा औंल्याइएका सुधार, सुझावहरू कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गर्ने। | | | प्रशासन तथा योजना शाखा | | | |
| **संस्थागत व्यवस्था** | | | | | | | | |
| १ | ०.५ | २.१ निर्णायक तहमा महिला तथा वञ्चितिकरणमा परेका समुदायको प्रतिनिधित्व (कम्तीमा सचिव, महाशाखा प्रमुख, कर्मचारी र नियुक्त पदाधिकारी) | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | सम्बन्धित शाखा | निरन्तर | | नपर्ने |
| १ | ० | २.२ श्रेणीविहीन र प्राविधिक कर्मचारीको करारमा पदपूर्ति गर्दा सबै जातजाति, लिङ्ग, वर्ग र समुदायको प्रतिनिधित्व | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | सम्बन्धित शाखा | निरन्तर | | नपर्ने |
| १ | ० | २.५ मन्त्रालय तथा कार्यालयमा लैङ्गिक हिंसा सम्बन्धी उजुरी दर्ता गर्ने संयन्त्रको व्यवस्था गर्ने। | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | सम्बन्धित शाखा | १ महिना | | नपर्ने |
| १ | ०.५ | २.६ मन्त्रालय तथा अन्तर्गत कार्यालयका विभिन्न विषयगत समिति, उपसमिति र कार्यदलमा महिला तथा सामाजिक रूपमा पछाडि पारिएका वर्ग, समुदायहरूको सहभागिता तथा प्रतिनिधित्व गराउने। | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | सम्बन्धित शाखा | निरन्तर | | नपर्ने |
| १ | ० | २.१० नागरिक सहायता तथा सोधपुछ कक्षको व्यवस्था | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | सम्बन्धित शाखा | तुरून्तै | | |
| **मानव संसाधन तथा क्षमता विकास** | | | | | | | | |
| १ | ० | ३.१ लैङ्गिक तथा समावेशी विकासको लागि बजेट विनियोजन एवं खर्च गर्ने कार्यविधि | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | सम्बन्धित शाखा | नियमानुसार | | नपर्ने |
| १ | ०.५ | | | प्रदेश सचिव | सम्बन्धित शाखा | नियमानुसार | | नपर्ने |


| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ३.३ भवन आचारसंहिता तथा कार्यालयको भौतिक संरचना तयार गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्ने। | प्रशासन तथा योजना महाशाखा | | | | | |
| **सुशासन तथा उत्तरदायीत्व** | | | | | | | | |
| १ | ०.५ | ४.१ अपाङ्गमैत्री, बालमैत्री भवन, शौचालय, खानेपानी तथा महिला र पुरुष कर्मचारीको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | शाखा तथा महाशाखाहरु | ६ महिना | 50000 | |
| १ | ० | ४.२ महिला शौचालयमा स्यानिटरी प्याडको उपलब्धता | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | जिन्सी शाखा | तुरुन्तै | 10000 | |
| १ | ०.५ | ४.३ गर्भवती तथा सुत्केरी कर्मचारीहरूको लागि आराम गर्ने कक्ष र २ वर्षसम्मका बालबालिका भएका महिला कर्मचारीका लागि शिशुस्याहार तथा स्तनपान गर्ने समय व्यवस्थापन | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | प्रशासन शाखा | ३ महिना | 100000 | |
| १ | ० | ४.४ बालबालिका, अपाङ्गमैत्री, लैङ्गिक संवेदनशीलता (यौनिक अल्पसंख्यक सहित) को दृष्टिकोणबाट पूर्वाधार तथा अन्य संरचनाको अवस्था | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | शाखा तथा महाशाखाहरु | १ वर्ष | | |
| १ | ० | ४.५ मन्त्रालय, कार्यालयमा यौन शोषण तथा दुर्व्यवहारविरुद्ध नीति र आचारसंहिता निर्माण | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | कानून शाखा | १ महिना | | नपर्ने |
| १ | ० | ४.६ कुनै कर्मचारीमाथि हुनसक्ने यौन दुर्व्यवहार निवारण गर्न गुनासो सुन्ने प्रणालीको व्यवस्था | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | प्रशासन शाखा | १ महिना | | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ० | ४.७ सार्वजनिक परीक्षण सार्वजनिक सुनुवाइ | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | योजना शाखा | वार्षिक | 50000 | |
| १ | ०.५ | ४.८ लैससास सम्बन्धी नीति तथा कार्यक्रमका सम्बन्धमा नागरिकलाई सूचना प्रवाह | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | शाखा तथा महाशाखाहरु | त्रैमासिक | | नपर्ने |
| १ | ० | ४.९ सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कनमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासको दृष्टिकोणबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | योजना शाखा | अर्धवार्षिक | 100000 | |
| १ | ० | ४.१० कार्यक्रम प्रभावकारीताको लागि नागरिक अनुगमन र तेस्रो पक्षीय अनुगमन पद्धतिको विकास र तीनका सुझाव तथा सिफारिसहरूको कार्यान्वयनको अवस्था | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | योजना शाखा | निरन्तर | | नपर्ने |
| **सेवा प्रवाह** | | | | | | | | |
| १ | ० | ५.१ सेवाग्राही सन्तुष्टि सर्वेक्षणसँग सम्बन्धित औजारहरू प्रयोग गर्दा विशेष गरी महिला तथा वञ्चितिकरणमा परेका वर्गसँग सम्बन्धित लैससासमैत्री प्रावधान राखिएको वा प्रणालीको विकास | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | प्रशासन शाखा | १ महिना | | नपर्ने |
| १ | ० | ५.३ मन्त्रालय तथा कार्यालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा लैससासमैत्री मापदण्ड निर्माण | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | कानून शाखा | १ महिना | | नपर्ने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ० | ५.५ कार्यालयले प्रवाह गर्ने सेवाका बारेमा नागरिक बडापत्रको अवस्था | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | प्रशासन शाखा | तुरुन्तै | 500000 | |
| १ | ०.५ | ५.६ सेवा प्रवाहका सुधारका क्षेत्रको पहिचान र कार्ययोजना निर्माण | प्रशासन तथा योजना महाशाखा | प्रदेश सचिव | कानून शाखा | २ महिना | 30000 | |

## मन्त्रालयको वेबसाइट

https://motfe.koshi.gov.np/











सुचना अधिकारी

# मन्त्रालयको कार्यक्षेत्र सम्बन्धी तर्जुमा भएका ऐन, नियम, कार्यविधिहरु




कोशी प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
विराटनगर, नेपाल
महत्वपूर्ण सूचना
वन क्षेत्रभित्र प्रचारप्रसार सामग्री प्रयोग सम्बन्धी सूचना
हाम्रोबारे
कानूनी स्रोत
प्रतिवेदन
सूचना/प्रेस विज्ञप्ती
डाउनलोड
योजना/नीति तथा कार्यक्रम/ बजेट
सूचना
सूचना
निर्देशिका/कार्यविधि
पर्यटन प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२
४ बैशाख, २०८३
वन संवर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यविधि, २०८२
९ मंसिर, २०८२
निजी वनको साल प्रजातिको रुख कटान तथा ओसारपसारको अनुगमन सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०८२
२६ जेठ, २०८२
अनुदान तथा सहयोग सम्बन्धी कार्यविधि, २०७६
१५ जेठ, २०८२
खोटो सङ्कलन कार्यविधि, २०६४
१५ जेठ, २०८२
होमस्टे संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७
१५ जेठ, २०८२


(कार्यालय प्रयोजनका लागि)
कोशी प्रदेश वन ऐन तथा नियमावली
(सँगालो)
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश, विराटनगर (नेपाल)
सामुदायिक वन र कबुलियती वन
सम्बन्धी प्रदेश कानुनमा भएको
व्यवस्थाको सँगालो
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश, विराटनगर (नेपाल)

# खरिद इकाई समिति सदस्यहरुको नामावली

आज मिति २०८१ साल मंसिर ५ गते बुधबारका दिन यस पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगरका खरिद समिति संयोजक श्री राकेश निरौलाज्यूको अध्यक्षतामा तपशिल बमोजिमका सदस्यहरुको उपश्थितिमा बसेको बैठकले निम्नानुसारको निर्णयहरु गरियो ।

उपश्थितिः

संयोजकः श्री राकेश निरौला, उप-सचिव, प्रशासन तथा योजना महाशाखा

सदस्यः श्री कुलदीप प्रसाद यादव, इन्जिनियर, पर्यटन पूर्वाधार विकास शाखा

सदस्यः श्री सरोज घिमिरे, अधिकृतस्तर छैठौं

सदस्यः श्री सुधिर ढकाल, अधिकृतस्तर छैठौं,

सदस्य सचिवः श्री राजेश तामाङ, अधिकृतस्तर आठौं, बैज्ञानिक अधिकृत

# मूल्याङ्कन समिति सदस्यहरुको नामावली

प्रस्तुत सम्वन्धमा यस मन्त्रालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमहरुमा संचालनका क्रममा मूल्याङ्कन गर्नुपर्ने पूर्वयोग्यताको प्रस्ताव, वोलपत्र, शिलवन्धी दरभाउपत्रको परिक्षण र मूल्याङ्कन, परामर्श सेवाको आशयपत्र तथा प्रस्तावपत्रहरुको मूल्याङ्कन मापदण्डहरु तयार गरी मूल्याङ्कन गर्नका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७१ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ मा मूल्याङ्कन समितिको संयोजक सार्वजनिक निकायका प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत (सम्भव भएसम्म प्राविधिक कर्मचारी) भन्ने व्यवस्था रहेकोले देहायका अध्यक्ष र सदस्यहरु रहने गरी मूल्याङ्कन समिति पुनर्गठन गर्न मुनासिव देखि निर्णयार्थ पेश गरेको छु ।

***मूल्याङ्कन समितिः***

अध्यक्षः श्री अखिलेश कुमार गुप्ता, महाशाखा प्रमुख, वन तथा जलाधार व्यवस्थापन महाशाखा

सदस्यः श्री भिम कुमार तेम्बे लिम्बु, लेखा अधिकृत, आर्थिक प्रशासन शाखा

सदस्य- विषयसँग सम्वन्धित प्राविधिक विशेषज्ञ (अधिकृतस्तर)

सदस्यः श्री रमेश नेपाल, कानून अधिकृत, कानून तथा फैसला कार्यान्वियन शाखा

सदस्य-सचिवः श्री राकेश निरौला, खरिद इकाई संयोजक

# निर्देशक समितिको नामावली

आज मिति २०८२ साल मंसिर २६ गते शुक्रबारको दिन कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को निर्देशक समितीका संयोजक तथा पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशका मा. मन्त्री सदानन्द मण्डलज्यूको अध्यक्षतामा बसेको निर्देशक समितीको बैठकमा निम्नानुसारको उपस्थितिमा तपशिल बमोजिमका विषयहरुमा छलफल गरि निर्णयहरु गरियो।

**उपस्थिति**

| क्र.स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | माननिय मन्त्री सदानन्द मण्डल | संयोजक | |
| २ | श्री कृष्ण शाह | सह-संयोजक | |
| ३ | श्री भविश कुमार श्रेष्ठ | सह-संयोजक | |
| ४ | श्री पुण्य भट्टराई | सदस्य | |
| ५ | श्री वासुदेव वराल | सदस्य | |
| ६ | श्री विजय नेपाल | सदस्य | |
| ७ | श्री राजन दंगाल | सदस्य | |
| ८ | श्री फडिन्द्र अधिकारी | सदस्य | |
| ९ | श्री लिलादेवी भट्टराई | सदस्य | |
| १० | श्री डा. इन्द्र प्रसाद सापकोटा | सदस्य-सचिव | |

## महिला, बालबालिका तथा पछाडि पारिएका समूहका लागि मन्त्रालय मार्फत मातहतका कार्यालयहरुबाट कार्यक्रम संचालन




भेगमा वन, भूमि र जैविक विविधताको दिगो
को लागि क्षमता अभिवृद्धि आयोजना


AURA